**प्रस्तावहरु** :-

१. हाइटेन्सन लाईनको रुट परिवर्तन सम्बन्धमा ।

२. शवदाहन गृह सम्बन्धमा ।

३. आधुनिक वधशाला (सल्टर हाउस) निर्माण सम्बन्धमा ।

४. दृष्टिविहिन हिराकला बि.क.को घर निर्माण सम्बन्धमा ।

५. मानसरोवर स्मारक पार्क निर्माण सम्बन्धमा ।

६. राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिता सम्बन्धमा ।

७. कक्षा थप सम्बन्धमा ।

८. एस.वि मल्टिपल एकेडेमी कोहलपुर ठाँउसारी सम्वन्धमा ।

९. एकिकृत सम्पत्ती कर सम्बन्धमा ।

१०. बसपार्कको डि.पि.आर. सम्बन्धमा ।

११. एकीकृत सम्पत्ती कर संकलन केन्द्र स्थापना सम्बन्धमा

१२. ज्यालादारी कर्मचारी सम्बन्धमा ।

१३. करार कर्मचारी सम्बन्धमा ।

१४. पदपूर्ती समिति गठन सम्बन्धमा ।

१५. विज्ञापन प्रकाशन सम्बन्धमा ।

**निर्णय नं. १** :-

कोहलपुर वडा नं. १० रामनगर देखि बर्दिया गुलरिया गएको विद्युतको हाइटेन्सन लाईनले बस्तीमा असर पारेको हुँदा उक्त लाइनलाई वडा नं. १० देवराज भार घर हुँदै गोल्छा नहर देखि पश्चिम नहर हुँदै लाईनको रुट जोड्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** :-

यस नगरपालिका क्षेत्रमा शवदाहन गृहको आवश्यकता परेको हुँदा उपयुक्त स्थानको खोजी गरी प्रदेश तथा संघीय सरकारको सहयोगमा शवदाहन गृह निर्माणको लागी पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** :-

यस नगरपालिका क्षेत्रमा आधुनिक वधशाला (सल्टर हाउस) निर्माणको लागि नगरपालिकाले जमिनको खोजी गरी सम्वन्धित संग संस्था संग समन्वय गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४ :-**

कोहलपुर वडा नं.११ बस्ने दृष्टिविहिन हरिकला बि.क.लाई घर निर्माणको लागि २०७४/१२/२६ गते बसेको कार्यपालिकाको बैठकले रु.१०००००। अक्षरेपी एक लाख सहयोग गर्ने भनि निर्णय गरेकोमा उक्त रकम अपुग भएको हुँदा थप रु.६५०००। अक्षरेपी पैसठ्ठी हजार यस कार्यालयबाट भुक्तानी भएकोमा सो खर्चलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-**

रक्षा सामुदायिक वन र जनएकता सामुदायिक वन संग मानसरोवर स्मारक पार्क निर्माणको लागि सहमती जुटी सकेकोले र बाँके राष्ट्रिय निकुञ्ज संग समेत छलफल भई रहेको हुँदा तपसिलको चार किल्ला भित्र मानसरोवर स्मारक पार्क निर्माण गर्नको लागि प्रदेश सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिलः-**

क) डुडुवा खोला - पश्चिम
ख) कोहलपुर चौराह - उत्तर
ग) सुर्खेत रोड रत्न राजमार्ग - पूर्व उत्तर
घ) वडा नं. २ विकास नगर देखि - पूर्व दक्षिण

**निर्णय नं. ६ :-**

मिति २०७५/८/२१ देखि २८ गते सम्म हुन गइरहेको राष्ट्रिय खेलकुद प्रतियोगिता मध्येको पुरुष तर्फको किकेट खेल कोहलपुरमा हुने भन्ने निर्णय भई सकेको अवस्थामा उक्त खेल रुपन्देही जिल्लाको भैरहवामा संचालन हुने जानकारी प्राप्त भएकोले पहिला नै निर्णय भएको स्थान कोहलपुर नगरपालिकाको अन्तराष्ट्रिय किकेट मैदानमा संचालन गर्नको लागि सम्बन्धित निकाय संग जोडदार माग गर्ने निर्णय गरियो । साथै उक्त खेलकुद प्रतियोगिता निर्धारित स्थानमा नभई अन्यत्र हुन गएमा यस नगरपालिकाबाट त्यसको समथृन नगरिने समेत निर्णय गरियो ।

**निर्णय नं. ७ :-**

यस कोहलपुर नगर कार्यपालिकाको कार्यालय शिक्षा शाखाको सिफारिस अनुसार तपसिल बमोजिमको विद्यालयको कक्षा थप गर्ने निर्णय गरियो ।

**तपसिलः-**

| | |
|---|---|
| १ पंचमुखी ई. मि. स्कुल | - कक्षा ११ थप |
| २. ब्राइटलाइट एकेडेमी | - कक्षा ११ थप |
| ३. दिव्य विद्यासदन मा.वि. | - कक्षा ११ थप |
| ४. तक्षशिला मा.वि. | - कक्षा ११ थप |
| ५. नमुना विद्यासदन | - ईच्छाधिन विषय थप |
| ६. रामजानकी मा.वि. | - ईच्छाधिन विषय थप |
| ७. वेष्टर्न ई.मि. मा.वि. | - ईच्छाधिन विषय थप |

प्रेम प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रेम प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.८ :-**

एस.वि मल्टिपल एकेडेमी कोहलपुर ठाँउसारी सम्बन्धमा नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र वडा नं. ३ का वडा अध्यक्षको स्थलगत अनुगमन पश्चात ठाँउसारीको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.९ :-**

आ.व. ०७५/०७६ मा तत्काल एकीकृत सम्पत्ती कर व्यवस्थित गर्न र संचालन गर्नको लागि तपसिल बमोजिमको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| | |
|---|---|
| नगर उप-प्रमुख | - संयोजक |
| माधव रिजाल | - सदस्य |
| नारायणी वली | - सदस्य |
| कल्पना शर्मा | - सदस्य |
| भीम नेपाली | - सदस्य |
| डिल बहादुर परियार | - सदस्य |
| हरी बहादुर वली | - सदस्य |
| बालकृष्ण महतरा | - सदस्य |
| मनोज थारु | - सदस्य सचिव |

**निर्णय नं.१० :-**

कोहलपुर नगरपालिकाको लामो दुरीको बसपार्कको डि.पि.आर. निर्माणको लागि सम्झौता भई कार्य संचालन भई रहेकोले परामर्श दातालाई नियमानुसार कमागत रुपमा बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.११ :-**

तपसिलको वडा कार्यालयहरुमा एकीकृत सम्पत्ती कर संकलन केन्द्र स्थापना गर्ने निणर्य गरियो ।

तपसिल :-

क) वडा नं. ७,८,९,१४ र १५ को लागि वडा कार्यालय १४

ख) वडा नं. ३,४,५ र ६ को लागि वडा कार्यालय ५

ग) वडा नं. १,२,१०,११,१२ र १३ कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कोहलपुर

**निर्णय नं.१२ :-**

नगरपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत ज्यालादारी कर्मचारीहरुलाई यस आ.व. ०७५/०७६ मा निरन्तरता दिने निर्णय गरियो ।

प्रेम प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रम प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधि
(उप-...)

**निर्णय नं.१३ :-**

यस कोहलपुर नगरपालिकाको तेश्रो नगर सभाले अस्थायी तथा करार कर्मचारी सम्बन्धी निर्णय गर्ने अधिकार कार्यपालिकाको बैठकलाई प्रत्यायोजन गरेकोमा यस नगरपालिकामा विगत वर्ष देखि कार्यरत तपसिलका कर्मचारीहरुको अस्थायी तथा करार सेवालाई यस आ.व.मा निरन्तरता दिने निर्णय गरियो ।

**तपसिल :-**

श्री नर्मदा कुमारी रावत - स.ले.पा. (अस्थायी)
श्री करुणा बिष्ट - सहायक कम्प्यूटर अपरेटर (करार)
श्री पुष्प बहादुर क्षेत्री - मुखिया (करार)
श्री सुमित्रा रोकाय - मुखिया (करार)
श्री मनोज थारु - मुखिया (करार)
श्री छल्लुलाल बस्फोर - मुखिया (करार)
श्री राजु चौधरी - अ.हे.व. (करार)
श्री टेकमाया योगी - अनमी (करार)
श्री सुधन बुढाथोकी - एच.ए. (करार)
श्री खगिसरा खड्का रावत - अनमी (करार)
श्री जुना कुमारी महतरा - अनमी (करार)
श्री गंगा शाही - मध्यस्थ संयोजक (करार)
श्री डाङ्गाली थारु - मध्यस्थ संयोजक (करार)
श्री डम्बर बहादुर बुढा क्षेत्री - हेभी सवारी चालक (करार)
श्री उमेश रिजाल - हेभी सवारी चालक (करार)
श्री दिनेश डाँगी - हलुका सवारी चालक (करार)
श्री खड्क बहादुर खड्का - हलुका सवारी चालक (करार)
श्री सुमित्रा थारु - कार्यालय सहयोगी (करार)
श्री धुरुप कुमार बस्फोर - कार्यालय सहयोगी (करार)
श्री चक बहादुर शाही - कार्यालय सहयोगी (करार)
श्री मेघा वि.क. - कार्यालय सहयोगी (करार)

**निर्णय नं.१४ :-**

यस कोहलपुर नगरपालिकाको कर्मचारी पदपूर्तीको लागि तपसिलको पदपूर्ती समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :-

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - अध्यक्ष |
| लेखा अधिकृत | - सदस्य |
| प्रशासकीय अधिकृत | - सदस्य - सचिव |

**निर्णय नं.१५ :-**

यस नगरपालिकाको योजना र घर नक्सा शाखाको लागि तपसिल बमोजिमको पदहरुमा विज्ञापन प्रकाशन गर्ने जिम्मा पदपूर्ती समितिलाई दिने निर्णय गरियो ।

क) योजना शाखा - सिभिल इन्जिनियर १ जना +१ [illegible] शाखा (घरनक्सा)"

- सव-इन्जिनियर १ जना

ख) घर नक्सा शाखा - सर्भेक्षक १ जना

प्रम प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधि
(उप-...)

कोहलपुर, बाँके

निर्णय नं. १६

यस कोहलपुर नगरपालिका कोहलपुर बाँके ऐ को कार्यालयको तर्फबाट बिभिन्न तहका अड्डा अदालतमा रिट निवेदन मुद्दा दायर गर्न तथा नगरपालिकालाई विपक्षी बनाई दायर गर्ने मुद्दामा लिखित जवाफ तथा प्रतिउत्तर लगायतका सबै प्रकारका लिखत पेश गरि मुद्दा पुर्पक्ष गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत